फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या:- ०७८/७९ मिति:- २०७८/०४/१३

चलानी नम्बर:-

## मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश ।

मकवानपुर जिल्लाभित्र कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि यस जिल्लामा मिति २०७८-०४-१४ गते बिहिबार राती १२:०० बजेसम्म निषेधाज्ञा कायम गरिएकोमा जिल्लाभित्र संक्रमणको दर क्रमश: घट्दै गएको तर जोखिम यथावत नै रहेको हुँदा जिल्ला कोभिड व्यवस्थापन समिति, मकवानपुरको मिति २०७८-०४-१३ को सिफारिस र जिल्ला सुरक्षा समितिको मिति २०७८-०४-१३ को निर्णय समेतको आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम निषेधाज्ञालाई निरन्तरता दिई **मिति २०७८ साल श्रावण १४ गते बिहिबार राती १२:०० बजेदेखि मिति २०७८ साल श्रावण २४ गते आइतबार राती १२:०० बजेसम्म यस मकवानपुर जिल्लाभर** निम्न बमोजिम हुने गरी आदेश जारी यो आदेश जारी गरिएको छ । यो आदेशको बर्खिलाप भए, गरेको पाइएमा प्रचलित कानून बमोजिम कडा कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**देहाय:-**

१. अत्यावश्यक काम परी घर बाहिर निस्कनुपर्दा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, भिडभाड नगर्ने, नगराउने ।

२. **पसल तथा व्यवसायको सन्दर्भमा**

२.१ औषधी पसल, कृषि बीउबीजन तथा मल विक्री वितरण गर्ने पसल र भेटनरी, पेट्रोल पम्प, ग्याँस डिपो, अक्सिजन सिलिण्डर पसल, पुस्तक तथा पत्रपत्रिका पसल नियमित सञ्चालन गर्नुपर्ने ।

२.२ अत्यावश्यक उपभोग्य वस्तु (खाद्यान्न, पानी, दूध, माछा, मासु, अण्डा, फलफूल तथा तरकारी) विक्री वितरण गर्ने पसलहरू विहान ४:०० बजेदेखि विहान ११:०० बजेसम्म र अन्य गैर खाद्य पसलहरू विहान ११:०० बजेदेखि साँझ ६:०० बजेसम्म मात्र खोल्न पाइने । तर, फुटपाथमा पसल राख्न नपाउने ।

२.३ रेष्टुरेन्ट, मिठाई तथा खाजा पसलहरूबाट टेकअवे र होम डेलिभरी हुने गरी मात्र विहान ११:०० बजेदेखि साँझ ६:०० बजेसम्म खोल्न पाइने । होटल तथा लज सञ्चालन सम्बन्धमा कूल बेड क्षमताको एक तिहाईमा मात्र सञ्चालन गर्ने । होटल, लज, रेष्टुरेन्ट, मिठाई तथा खाजा पसलमा काम गर्ने कर्मचारी र कामदारहरूले अनिवार्य रूपमा मास्क एवं फेसशील्ड प्रयोग गर्ने र अन्य जनस्वास्थ्यका मापदण्डहरू पूर्ण पालना गर्ने र कोठाहरू दैनिकरूपमा निसङ्क्रमण गर्ने ।

**तर,** होटल, लज तथा रेष्टुरेन्टहरूमा कुनै पनि प्रकारको भोज भतेर, भेला, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार सञ्चालन गर्न नपाइने ।

२.४ पसल तथा व्यवसाय सञ्चालन गर्दा अनिवार्यरूपमा मास्कको प्रयोग, भौतिक दूरी कायम, जनस्वास्थ्यका मापदण्ड पालना र भिडभाड नहुने सुनिश्चितता सम्बन्धित व्यवसायीले गर्नुपर्ने । उल्लेखित जनस्वास्थ्यका मापदण्डहरू पालना नभएको पाइएमा अनुगमन समितिको सिफारिसमा उक्त पसल तथा व्यवसाय निषेधाज्ञा अवधिभरको लागि बन्द गरिनेछ ।

३. **यातायात सञ्चालन सन्दर्भमा**

३.१ सार्वजनिक यातायात सम्बन्धमा

क. सवारी साधनहरू विहान ६:०० बजेदेखि बेलुकी ७:०० बजेसम्म मात्र सञ्चालन गर्ने,

ख. कूल सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

ग. सबै यात्रुहरूलाई मास्क अनिवार्य गर्ने,

घ. सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको अनिवार्य व्यवस्था गर्नुपर्ने,

ङ. चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,

च. सवारी साधनलाई दैनिकरूपमा निसङ्क्रमित गर्नुपर्ने,

छ. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा ५ रूपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने,

ज. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।

४. बैंक, इन्स्योरेन्स कम्पनी, मनी ट्रान्सफर तथा वित्तिय सहकारी संस्थाहरूबाट प्रदान गरिने सेवाहरू जनस्वास्थ्यका मापदण्ड अनिवार्य अवलम्बन गरी भिडभाड नहुने सुनिश्चितता गरी नियमितरूपमा सञ्चालन गर्ने । वित्तिय तथा सहकारी संस्थाहरूबाट समूह भेला गरी रकम संकलन गर्ने, गराउने कार्य पूर्णरूपमा बन्द हुनुपर्ने ।

**५. तोकिएका मापदण्डहरू पालना गरी सञ्चालन गरिने पूर्व निर्धारित परीक्षाको हकमा:-**

५.१ २५ (पच्चीस) जना भन्दा बढी परीक्षार्थीहरू भेला जम्मा नहुने गरी परीक्षा सञ्चालन गर्ने,

५.२ एकै दिनमा २५ (पच्चीस) जना भन्दा बढी परीक्षार्थी जम्मा हुने अवस्था भएमा Shift Wise परीक्षा सञ्चालन गर्ने,

५.३ परीक्षार्थीहरू हलमा प्रवेश गर्नुपूर्व र परीक्षा समाप्त भए पश्चात् मापदण्ड बमोजिमको भौतिक दूरी कायम हुने व्यवस्था मिलाउने,

५.४ एउटा Shift का सबै परीक्षार्थीहरू परीक्षास्थलबाट बाहिरिएपछि मात्र अर्को Shift का परीक्षार्थीहरू प्रवेश गर्न मिल्ने गरी फरक समय राखे,

५.५ परीक्षा सञ्चालनको क्रममा जनस्वास्थ्यका मापदण्डहरूको अनिवार्य पालना गरी मास्क तथा स्यानिटाइजरको उचित प्रयोग गर्नुका साथै प्रत्येक Shift मा परीक्षा हल अनिवार्यरूपमा निसंक्रमण गर्ने ।

**६. सञ्चालन गर्न नपाइने सेवा तथा कार्यहरू**

६.१ शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र), सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, प्रदर्शन, भेला तथा सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल, पिकनिक स्थल, सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना, स्पा, सैलुन तथा ब्युटी पार्लर, स्विमिङ पुल, जिमखाना लगायत हेल्थ क्लब, स्ट्रिट फुड पसल, समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति, फुटसल पूर्णरूपमा बन्द रहने।

६.२ मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरूमा नित्य पूजा मात्र सञ्चालन गरी अन्य समयमा अनिवार्य बन्द गर्ने । धार्मिक, सांस्कृतिक र सामाजिक लगायत कुनै पनि प्रकारको जमघट तथा भेला हुने क्रियाकलाप सञ्चालन गर्न नपाइने । तर, विवाहका लागि बढीमा २० जनासम्म नजिकको प्रहरी इकाईसँग समन्वय गरी आफ्नै निवासमा जनस्वास्थ्यका मापदण्ड पालना गरी सम्पन्न गर्न सकिने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

२०७८।४।१२
भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी